Molung HYDRO POWER Company Ltd.

रजिष्टर्ड कार्यालयः रविभवन-१४, काठमाण्डौं, फोन नं.: ०१–५६७०५१८, ५६७०४४२
URL: www.molunghydropower.com.np, E-mail: molung.office@gmail.com

# १६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०५/२०)**

आदरणीय शेयरधनी महानुभावहरू,

यस मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०५/१९ गते बसेको सञ्चालक समितिको ५१ औं बैठकको निर्णय अनुसार आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्ने प्रयोजनका लागि बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाइदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल असोज १० गते शुक्रबार (तदनुसार २६ सेप्टेम्बर, २०२५)

समय : बिहान ९:०० बजे ।

स्थान : बाघभैरव ब्याङक्वेट नगाँउ कीर्तिपुर काठमाडौं ।

**वार्षिक साधारण सभाका प्रस्तावहरू :**

१. वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नुहुने वित्तीय विवरण सहितको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसुचिहरू अनुमोदन गर्ने सम्बन्धमा ।
३. आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालकको पारिश्रमिक, भत्ता र अन्य सुविधा सम्बन्धमा ।
५. प्रबन्ध सञ्चालकको नियुक्ति अनुमोदन सम्बन्धमा ।
६. विविध ।

## वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८२/०५/३१ गते मंगलबार एक दिन शेयर दाखिल खारेज कार्य बन्द (Book Close) हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भदौ ३१ गतेसम्म कारोबार भई, सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार श्री लक्ष्मी सन्राईज क्यापिटल लिमिटेडको अभिलेखमा दर्ता भएका शेयरधनीहरू मात्र उक्त सभामा सहभागि हुन, भाग लिन योग्य हुने छन् ।
२. वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ८:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र वा हितग्राही खाता खोलि शेयर अभौतिकीकरण गरिएको यस कम्पनीको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध गरिन्छ ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन, वार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरू, र साधारण सभा सम्बन्धी अन्य जानकारी कम्पनीको Website: www.molunghydropower.com.np मा प्रकाशन गरिने छ । कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा पनि एक प्रति सूचना प्रकाशन गरिनेछ ।
५. सभामा आफू स्वयं उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको इमेल ठेगाना molung.office@gmail.com मा वा केन्द्रीय कार्यालय रविभवन काठमाडौंमा तोकिए बमोजिमको प्रोक्सी फाराम भरी दर्ता गरिसक्नु पर्ने छ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रष्टिर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । शेयरधनी आफैं साधारण सभामा भाग लिने भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।
६. शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । प्रोक्सी प्रचलित कम्पनी ऐन तथा नेपाल कानून बमोजिम हुनपर्छ । संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाईने छैन । त्यसरी दिएको प्रोक्सी बदर हुनेछ ।
७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इन्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) कार्य दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्ने छ । उक्त प्रस्तावको सम्बन्धमा साधारण सभामा छलफल गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
९. शान्ति सुरक्षाको कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथाशक्य झोला, व्याग वा अन्य चोटपटक पुर्याउने वस्तुहरु नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरू लगायत सभा कक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर चेक जाँज गर्न सक्ने छन् ।
१०. साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुनुभन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्ने छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोट :** साधारण सभा र निर्वाचन सम्बन्धी अन्य आवश्यक जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. १४, रविभवन, काठमाडौंमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।